# निर्वाचन शिक्षा तथा मतदाता शिक्षा निर्देशिका, २०७८

निर्वाचन आयोगबाट स्वीकृत मिति

२०७८/१२/१५

**प्रस्तावना** : निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, विश्वसनीय, मर्यादित र भयमुक्त वातावरणमा सम्पन्न गर्न निर्वाचनका विषयमा आममतदातालाई सुसूचित गर्न वाञ्छनीय भएकोले,

निर्वाचन आयोग ऐन, २०७३ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "निर्वाचन शिक्षा तथा मतदाता शिक्षा निर्देशिका, २०७८" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "आयुक्त" भन्नाले आयोगको निर्वाचन आयुक्त सम्झनु पर्छ र सो शब्दले प्रमुख निर्वाचन आयुक्तलाई समेत जनाउँछ ।

(ख) "आयोग" भन्नाले नेपालको संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(ग) "कार्यक्रम" भन्नाले निर्वाचन शिक्षा कार्यक्रम तथा मतदाता शिक्षा कार्यक्रम सम्झनु पर्छ ।

(घ) "कार्यान्वयन समिति" भन्नाले दफा ६ बमोजिमको निर्वाचन शिक्षा तथा मतदाता शिक्षा कार्यान्वयन समिति सम्झनु पर्छ ।

(ङ) "जिल्ला कार्यान्वयन समिति" भन्नाले दफा ८ बमोजिमको निर्वाचन शिक्षा तथा मतदाता शिक्षा जिल्ला कार्यान्वयन समिति सम्झनु पर्छ ।

(च) "निर्देशक समिति" भन्नाले दफा ४ बमोजिमको निर्वाचन शिक्षा तथा मतदाता शिक्षा निर्देशक समिति सम्झनु पर्छ ।

(छ) "निर्वाचन" भन्नाले संविधान तथा सङ्घीय कानून बमोजिम हुने राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसदका सदस्य, प्रदेश सभाका सदस्य तथा स्थानीय तहका सदस्यको निर्वाचन सम्झनु पर्छ र सो शब्दले उपनिर्वाचनलाई समेत जनाउँछ ।

(ज) "निर्वाचन अधिकारी" भन्नाले निर्वाचन कार्यालयको प्रमुख सम्झनु पर्छ ।

(झ) "निर्वाचन कार्यालय" भन्नाले प्रदेश निर्वाचन कार्यालय वा जिल्ला निर्वाचन कार्यालय सम्झनु पर्छ ।

(ञ) "निर्वाचन शिक्षा" भन्नाले निर्वाचन अवधि बाहेकको समयमा मतदाता, भावी मतदाता समेतका निर्वाचनका सरोकारवालालाई लक्षित गरी

निर्वाचन आयोग, नेपाल

निर्वाचन, निर्वाचन प्रणाली, मतदान लगायतका विषयमा सञ्चालन हुने शिक्षा, सूचना तथा सन्देश सम्झनु पर्छ ।

(ट) "निर्वाचन शिक्षा कार्यक्रम" भन्नाले निर्वाचन शिक्षा प्रदान गर्न आयोगले स्वीकृत गरेको कार्यक्रम सम्झनु पर्छ ।

(ठ) "मतदाता" भन्नाले आयोगले प्रकाशन गरेको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति सम्झनु पर्छ ।

(ड) "मतदाता शिक्षा" भन्नाले निर्वाचन अवधिमा मतदान, मतदानको महत्व, मतदान गर्ने तरिका लगायतका विषयमा मतदातालाई लक्षित गरी सञ्चालन गरिने शिक्षा, सूचना तथा सन्देश सम्झनु पर्छ ।

(ढ) "मतदाता शिक्षा कार्यक्रम" भन्नाले मतदाता शिक्षा प्रदान गर्न आयोगले स्वीकृत गरेको कार्यक्रम सम्झनु पर्छ ।

(ण) "शिक्षा सामग्री" भन्नाले कार्यक्रम सञ्चालन गर्नको लागि आयोगबाट स्वीकृत सबै प्रकारका सूचना, श्रव्यदृष्य सामग्री, नारा, संवाद, होर्डिङबोर्ड, डिजिटल बोर्ड, रेडियो तथा टेलिभिजन कार्यक्रम, छापा, विद्युतीय, सामाजिक सञ्जाल, अनलाइन पोर्टलबाट प्रसारण हुने सूचना, सन्देश तथा अन्य प्रवर्द्धनात्मक सामग्री सम्झनु पर्छ ।

(त) "सूचना केन्द्र" भन्नाले दफा १० बमोजिमको निर्वाचन शिक्षा तथा सूचना केन्द्र सम्झनु पर्छ ।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन र संरचनात्मक व्यवस्था

३. **कार्यक्रम सञ्चालन गर्ने:** आयोगले निर्वाचन चक्रका सबै चरणमा विभिन्न माध्यम मार्फत कार्यक्रम सञ्चालन गर्नेछ ।

४. **निर्वाचन शिक्षा तथा मतदाता शिक्षा निर्देशक समिति:** (१) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिमको निर्वाचन शिक्षा तथा मतदाता शिक्षा निर्देशक समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | आयुक्त (सम्बन्धित विषय हेर्ने) | - संयोजक |
| (ख) | सचिव, आयोग | - सदस्य |
| (ग) | प्रतिनिधि (सहसचिवस्तर), सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | - सदस्य |
| (घ) | प्रतिनिधि (सहसचिवस्तर),गृह मन्त्रालय | - सदस्य |
| (ङ) | प्रतिनिधि (सहसचिवस्तर), शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | - सदस्य |
| (च) | प्रतिनिधि (सहसचिवस्तर), सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | - सदस्य |
| (छ) | महाशाखा प्रमुख, कानून तथा राजनीतिक दल व्यवस्थापन महाशाखा, आयोग | - सदस्य |
| (ज) | महाशाखा प्रमुख, प्रशासन महाशाखा, आयोग | - सदस्य |

निर्वाचन आयोग, नेपाल

(झ) महाशाखा प्रमुख, निर्वाचन व्यवस्थापन महाशाखा, आयोग - सदस्य-सचिव

(२) निर्देशक समितिको बैठकमा आवश्यकता अनुसार निर्वाचन शिक्षा तथा मतदाता शिक्षाको विषयसँग सम्बन्धित आयोगका पदाधिकारी, कर्मचारी तथा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) निर्देशक समितिले आफ्नो काममा सहयोग गर्न आवश्यकता अनुसार उपसमिति तथा कार्यदल गठन गर्न सक्नेछ ।

(४) निर्देशक समितिको बैठक आवश्यकता अनुसार सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(५) निर्देशक समितिको बैठक तथा निर्णय सम्बन्धी अन्य व्यवस्था सोही समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

५. **निर्देशक समितिको काम, कर्तव्य र अधिकार :** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) निर्वाचन शिक्षा तथा मतदाता शिक्षा सम्बन्धी विषयमा नीतिगत निर्णय गर्न आयोगलाई सहयोग गर्ने,
(ख) निर्वाचनसँग सम्बन्धित कानूनमा निर्वाचन शिक्षा तथा मतदाता शिक्षा सम्बन्धी व्यवस्था समावेश गर्न सहजीकरण र समन्वय गर्ने,
(ग) कार्यान्वयन समितिबाट पेश भएका कार्यक्रम, कार्ययोजना तथा अन्य विषयवस्तु उपर छलफल गरी उपयुक्तताका आधारमा आयोगमा पेश गर्ने,
(घ) कार्यक्रम कार्यान्वयन सम्बन्धी विषयमा आवश्यकता अनुसार विज्ञ वा विज्ञ समूह मार्फत अध्ययन तथा अनुगमन गराई प्राप्त सुझाव कार्यान्वयन गर्ने, गराउने,
(ङ) कार्यक्रम कार्यान्वयनको लागि आयोगका साझेदार संस्था, नागरिक समाज तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्यका लागि सहजीकरण गर्ने,
(च) कार्यक्रम कार्यान्वयनको सम्बन्धमा सचिवालय र कार्यान्वयन समितिलाई आवश्यक निर्देशन दिने,
(छ) शिक्षा सामग्रीमा एकरुपता कायम गर्ने व्यवस्था मिलाउने,
(ज) निर्वाचन शिक्षा तथा मतदाता शिक्षाका लागि आवश्यक पर्ने आदेश, निर्देशन एवं सूचना जारी गर्नका लागि आयोग समक्ष सिफारिश गर्ने,
(झ) आयोगले तोके बमोजिमका अन्य कार्य गर्ने ।

६. **निर्वाचन शिक्षा तथा मतदाता शिक्षा कार्यान्वयन समिति :** (१) आयोगको सचिवालयमा देहाय बमोजिमको निर्वाचन शिक्षा तथा मतदाता शिक्षा कार्यान्वयन समिति रहनेछ:-

(क) सचिव, आयोग - संयोजक
(ख) महाशाखा प्रमुख, निर्वाचन व्यवस्थापन महाशाखा, आयोग - सदस्य
(ग) शाखा प्रमुख, प्रशासन शाखा, आयोग - सदस्य
(घ) शाखा प्रमुख, आर्थिक प्रशासन शाखा, आयोग - सदस्य
(ङ) प्रतिनिधि (उपसचिवस्तर), सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सदस्य
(च) प्रतिनिधि (उपसचिवस्तर), सञ्चार तथा सूचना प्रविधि मन्त्रालय - सदस्य
(छ) शाखा प्रमुख, निर्वाचन शिक्षा तथा तालीम शाखा, आयोग - सदस्य-सचिव

(२) कार्यान्वयन समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित मन्त्रालय वा निकायका प्रतिनिधि, गाउँपालिका राष्ट्रिय महासंघ, नगरपालिका संघ, जिल्ला समन्वय समिति महासंघ वा नेपाल पत्रकार महासंघका प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) कार्यान्वयन समितिको बैठक आवश्यकता अनुसार सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(४) कार्यान्वयन समितिको बैठक तथा निर्णय सम्बन्धी अन्य व्यवस्था सोही समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार** : कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रम र कार्यक्रम कार्यान्वयन गर्ने कार्ययोजना तयार गरी निर्देशक समिति समक्ष पेश गर्ने,
(ख) शिक्षा सामग्रीको पहिचान, विकास, उत्पादन, प्रबर्द्धन र वितरण गर्ने व्यवस्था मिलाउने,
(ग) निर्वाचन शिक्षा तथा मतदाता शिक्षासँग सम्बन्धित कार्यका लागि अन्तर निकाय समन्वय गर्ने,
(घ) कार्यक्रम सञ्चालन गर्ने संघ संस्था तथा निकायको विवरण तयार गरी आवश्यकता अनुसार परिचालन र सहजीकरण गर्ने,
(ङ) आयोगसँग सम्बन्धित विकास साझेदार संस्थाले उत्पादन गरेका सामग्री अध्ययन तथा विश्लेषण गरी निर्देशक समिति समक्ष पेश गर्ने,
(च) निर्वाचनसँग सम्बन्धित कानूनमा समावेश गर्नु पर्ने निर्वाचन शिक्षा तथा मतदाता शिक्षा सम्बन्धी बिषयहरु पहिचान गरी निर्देशक समिति समक्ष पेश गर्ने,
(छ) कार्यक्रममा संलग्न हुने जनशक्तिको सीप र दक्षता अभिवृद्धि गर्न आवश्यकता अनुसार प्रशिक्षणको व्यवस्था गर्ने,
(ज) निर्वाचन शिक्षा तथा मतदाता शिक्षा सम्बन्धी गुनासोको सुनुवाई गर्ने,
(झ) कार्यक्रम तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी क्रियाकलापको समीक्षा, अनुगमन, मूल्याङ्कन तथा परीक्षणको व्यवस्था गर्ने, गराउने,
(ञ) निर्वाचन शिक्षा तथा मतदाता शिक्षा सम्बन्धी भएका अध्ययन, अनुसन्धानबाट प्राप्त सुझावहरू अध्ययन तथा विश्लेषण गरी निर्देशक समिति समक्ष पेश गर्ने,
(ट) शिक्षा सामग्रीको सम्प्रेषण, प्रचार प्रसारको उपयुक्त माध्यमको छनौट र समय तालिका निर्माण गरी निर्देशक समिति समक्ष पेश गर्ने,
(ठ) निर्वाचन शिक्षा तथा मतदाता शिक्षा सम्बन्धी आयोगबाट सञ्चालित कार्यक्रमको समिक्षा गरी वार्षिक प्रतिवेदन तयार गर्ने,
(ड) खण्ड (ठ) बमोजिमको प्रतिवेदन तयार गर्दा आयोगको स्वीकृति लिई अन्य निकाय वा संस्थाले सञ्चालन गरेको निर्वाचन शिक्षा तथा मतदाता शिक्षा सम्बन्धी कार्यक्रमको विषयलाई समेत समावेश गर्न सक्ने,
(ढ) आयोग तथा निर्देशक समितिबाट निर्णय भए बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने, गराउने ।

८. **निर्वाचन शिक्षा तथा मतदाता शिक्षा जिल्ला कार्यान्वयन समिति** : (१) प्रत्येक जिल्लामा सरोकारवाला निकायहरूसँग समन्वय, साझेदारी र अन्तर सम्बन्ध कायम गरी कार्यक्रम

निर्वाचन आयोग, नेपाल

कार्यान्वयन गर्न, गराउन देहाय बमोजिमको निर्वाचन शिक्षा तथा मतदाता शिक्षा जिल्ला कार्यान्वयन समिति रहनेछ :-

(क) निर्वाचन अधिकारी - संयोजक
(ख) प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय - सदस्य
(ग) जिल्ला समन्वय अधिकारीले तोकेको जिल्ला समन्वय समितिको प्रतिनिधि एक जना - सदस्य
(घ) जिल्ला भित्रका सामाजिक अध्ययन विषय शिक्षक मध्येबाट निर्वाचन अधिकारीले तोकेको महिला शिक्षक एक जना - सदस्य
(ङ) जिल्ला सदरमुकाम स्थित स्थानीय तहको शिक्षा वा सामाजिक विकास हेर्ने कर्मचारी एक जना - सदस्य
(च) संयोजकले तोकेको निर्वाचन कार्यालयको कर्मचारी - सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (घ) बमोजिमको सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(३) जिल्ला कार्यान्वयन समितिको बैठकमा आवश्यकता अनुसार नेपाल पत्रकार महासंघ जिल्ला समिति, सामाजिक जागरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने संस्था वा नागरिक समाज, निर्वाचन शिक्षा तथा मतदाता शिक्षाको कार्यमा सहयोग पुऱ्याउने व्यक्ति वा संस्था मध्येबाट बढीमा तीन जनासम्म आमन्त्रण गर्न सकिनेछ ।

(४) जिल्ला कार्यान्वयन समितिको बैठक तथा निर्णय सम्बन्धी अन्य व्यवस्था सोही समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **जिल्ला कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार** : (१) जिल्ला कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रम कार्यान्वयनको लागि जिल्लाका स्थानीय तह, जिल्लास्थित सरकारी कार्यालय, गैरसरकारी संस्था, नागरिक समाज तथा अन्य सरोकारवालासँग समन्वय गर्ने,
(ख) कार्यक्रम कार्यान्वयनको लागि जिल्लामा प्रचलित भाषा, संस्कृति, परम्परा तथा स्थानीय समुदाय, निर्वाचन विज्ञ तथा स्रोत व्यक्ति र संघसंस्थाको सूची तयार गरी राख्ने र आयोगबाट माग भएमा उपलब्ध गराउने,
(ग) जिल्लामा सञ्चालन हुने कार्यक्रम कार्यान्वयनको लागि कार्ययोजना तयार गरी आयोग समक्ष पेश गर्ने व्यवस्था मिलाउने,
(घ) विभिन्न संघसंस्था र निकायबाट निर्वाचन शिक्षा वा मतदाता शिक्षा सम्बन्धी जिल्लाभित्र सञ्चालित कार्यक्रम तथा क्रियाकलापहरुको प्रतिवेदन तयार गरी चौमासिक तथा वार्षिक रुपमा आयोगमा पठाउने,
(ङ) जिल्लाभित्र निर्वाचन शिक्षा तथा मतदाता शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने संघसंस्था तथा निकायको विवरण तयार गरी कार्यक्रम कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने,
(च) स्थानीय तहमा निर्वाचन शिक्षा वा मतदाता शिक्षा सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न स्थानीय तहहरुलाई प्राविधिक सहयोग तथा सहजीकरण गर्ने,
(छ) शिक्षा सामग्रीलाई सामाजिक सञ्जाल र आमसञ्चार माध्यम मार्फत सम्प्रेषण गर्ने व्यवस्था मिलाउने र त्यसरी भएको सम्प्रेषण सम्बन्धी कार्यको नियमन गर्ने,

(ज) स्थानीयस्तरमा गैरसरकारी संस्था, नागरिक समाज तथा अन्य सरोकारवालालाई कार्यक्रम सञ्चालन गर्न स्वीकृतिका लागि आयोगमा पेश गर्ने तथा सञ्चालित कार्यक्रमको अनुगमन तथा नियमन गर्ने,

(झ) जिल्लास्थित सरोकारवालाबाट प्राप्त निर्वाचन शिक्षा तथा मतदाता शिक्षा सम्बन्धी गुनासोको सुनुवाई गर्ने,

(ञ) आयोगले उत्पादन गरी जिल्लामा प्राप्त भएका शिक्षा सामग्री सुरक्षित रूपमा अभिलेख तथा भण्डारण गरी आवश्यकता अनुसार सरोकारवालालाई उपलब्ध गराउने,

(ट) स्थानीय स्तरमा हुने निर्वाचन शिक्षा वा मतदाता शिक्षा सम्बन्धी अध्ययन, अनुसन्धानलाई आवश्यक सहयोग र समन्वय गर्ने,

(ठ) मतदाता शिक्षा अभियान सञ्चालन गर्नुपर्ने अवस्था भएमा सो अभियानमा परिचालन गरिने जनशक्तिको पहिचान र छनोट गर्ने ।

(२) उपदफा (१) को खण्ड (ठ) बमोजिम जिल्ला कार्यान्वयन समितिले जनशक्तिको छनोट गर्दा पहिले मतदाता शिक्षा कार्यक्रममा संलग्न प्राथमिक विद्यालयका शिक्षक वा मातृ स्वास्थ्य कार्यकर्ता वा सामुदायिक विकास केन्द्रका परिचालक वा अन्य उपयुक्त व्यक्तिलाई प्राथमिकता दिनु पर्नेछ ।

१०. **निर्वाचन शिक्षा तथा सूचना केन्द्र** : (१) आयोगमा र प्रत्येक प्रदेशको राजधानी रहेको जिल्लाको निर्वाचन कार्यालयमा निर्वाचन शिक्षा तथा सूचना केन्द्र रहनेछ ।

(२) उपदफा (१) बमोजिमका कार्यालयका अतिरिक्त बढी मतदाता रहेका जिल्लाका निर्वाचन कार्यालयमा समेत निर्वाचन शिक्षा तथा सूचना केन्द्र स्थापना र सञ्चालन गर्न सकिनेछ ।

(३) सूचना केन्द्रमा विभिन्न नविनतम प्रविधिको प्रयोग गर्दै अनुसूची-१ मा उल्लिखित क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

(४) सूचना केन्द्रमा कार्य गर्ने जनशक्तिको व्यवस्थापन आयोग तथा सम्बन्धित निर्वाचन कार्यालयमा रहेको दरबन्दीबाट व्यवस्थापन गरिनेछ ।

(५) सूचना केन्द्रमा खटिई आउने नयाँ कर्मचारीलाई सूचना केन्द्र सञ्चालनका विधि र प्रक्रियाबारे प्रशिक्षण प्रदान गरिनेछ तथा सूचना केन्द्रमा कार्यरत जनशक्तिको लागि समय समयमा निर्वाचन सम्बन्धी विषयमा समय सापेक्ष पुनर्ताजगी कार्यक्रम सञ्चालन गरिनेछ ।

(६) निर्वाचन अवधिमा आयोग वा निर्वाचन कार्यालयमा कार्यरत जनशक्तिलाई निर्वाचन सम्बन्धी कार्य तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालनमा परिचालन गर्न सकिनेछ ।

(७) आयोग वा सम्बन्धित निर्वाचन कार्यालयले सूचना केन्द्रका सामग्रीको मर्मत सम्भार एवं भण्डारण गरी चुस्त दुरुस्त अवस्थामा राख्नु पर्नेछ ।

(८) सूचना केन्द्रले उपलब्ध गराउँदै आएको सेवा सुविधामा कुनै सेवा थप गर्नु पर्ने भएमा वा विद्यमान सेवामा परिमार्जन गनुपर्ने भएमा आयोगको स्वीकृति लिनु पर्नेछ । यसरी स्वीकृति लिंदा आयोगमा रहेको सूचना केन्द्रले कार्यान्वयन समिति मार्फत र निर्वाचन कार्यालयमा रहेको सूचना केन्द्रले आयोगमा रहेको सूचना केन्द्र मार्फत त्यस्तो विषय आयोगमा पेश गर्नु पर्नेछ ।

११. **घुम्ती निर्वाचन शिक्षा तथा सूचना केन्द्र** : (१) दफा १० बमोजिमको सूचना केन्द्रमा पहुँच नभएका, राज्यको सीमान्तकृत क्षेत्र र वर्गमा रहेका विद्यालयमा अध्ययनरत विद्यार्थीहरुमा

निर्वाचन तथा मतदाता शिक्षामा पहुँच पुऱ्याउनका लागि आयोगले घुम्ती निर्वाचन शिक्षा तथा सूचना केन्द्रको व्यवस्थापन र सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सञ्चालन गरिने घुम्ती निर्वाचन शिक्षा तथा सूचना केन्द्रको व्यवस्था गर्दा प्रत्येक वर्ष आयोगको वार्षिक कार्यक्रममा समावेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको घुम्ती निर्वाचन शिक्षा तथा सूचना केन्द्रबाट प्रदान गरिने सेवालाई सम्भव भएसम्म टेलिभिजन, टच प्याड जस्ता सामग्री र प्रविधिको प्रयोग गरी प्रविधिमैत्री वातावरणमा सञ्चालन गरिनेछ ।

(४) घुम्ती निर्वाचन शिक्षा तथा सूचना केन्द्र कार्यक्रम सम्पन्न भएपछि सोको प्रतिवेदन आयोगको सचिवालयमा पेश गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम घुम्ती निर्वाचन शिक्षा तथा सूचना केन्द्र कार्यक्रममा नमूना मतदान समेत सञ्चालन गर्न सकिनेछ ।

## परिच्छेद -३

## कार्यक्रमको स्वरुप

१२. **सामाजिक सञ्जालको प्रयोग गरिने** : (१) आयोगले नवीनतम प्रविधिको प्रयोग गरी निर्वाचन शिक्षालाई निरन्तर रुपमा सञ्चालन गर्नको लागि सामाजिक सञ्जालका माध्यम जस्तैः फेसबुक, ट्वीटर, ईन्स्टाग्राम लगायत मार्फत निर्वाचन शिक्षा तथा मतदाता शिक्षा सम्प्रेषण हुने व्यवस्था मिलाई त्यस्तो कार्यक्रमका नियमित प्रयोगकर्ता तयार गर्नेछ ।

(२) उपदफा (१) बमोजिमका प्रविधि मार्फत सम्प्रेषण गरिने शिक्षा सामग्री आयोगले स्वीकृत गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको प्रविधिबाट निर्वाचन शिक्षा तथा मतदाता शिक्षा सम्प्रेषण गर्दा सोको प्रभावकारिता, कार्यक्रमको प्रयोगकर्ताको सङ्ख्या, स्रोता तथा प्रयोगकर्ताले दिएको पृष्ठपोषण र सुझावको आधारमा विश्लेषणात्मक प्रतिवेदन तयार गरी आयोगको निर्वाचन शिक्षा तथा तालिम शाखाले कार्यान्वयन समितिमा पेश गर्नु पर्नेछ ।

(४) आयोगको निर्वाचन शिक्षा तथा तालीम शाखाले निर्वाचन तथा मतदाता शिक्षालाई बृहतरूपमा सञ्चालन गर्न मिडिया हाउस, अनलाईन तथा सामाजिक सञ्जालका पोर्टलसँग समन्वय तथा सहकार्य गर्नेछ ।

१३. **विद्यालयस्तरमा निर्वाचन शिक्षा कार्यक्रम** : (१) आयोगले माध्यमिक तथा उच्च माध्यमिक विद्यालय एवम् विश्वविद्यालयका शिक्षक तथा विद्यार्थी मार्फत समुदाय र घरसम्म निर्वाचन शिक्षा पुऱ्याउन विद्यालयस्तरमा निर्वाचन शिक्षा कार्यक्रम सञ्चालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रमलाई आयोगको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम उपलब्ध बजेटको आधारमा सम्भव भएसम्म प्रत्येक वर्ष सम्पूर्ण जिल्लामा विद्यालयस्तरमा निर्वाचन शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

(४) प्रत्येक वर्ष जिल्लाभित्र कार्यक्रम सञ्चालन गर्नको लागि कार्यक्रम मार्गदर्शन र विद्यालयको सङ्ख्या आयोगले तोके बमोजिम हुनेछ ।

(५) यस दफा बमोजिम विद्यालयस्तरमा निर्वाचन शिक्षा कार्यक्रम सञ्चालनको लागि निर्वाचन कार्यालयले सम्बन्धित जिल्लाभित्र रहेका माध्यमिक विद्यालयहरु मध्ये सम्भव भएसम्म सबै स्थानीय तहलाई समेट्ने गरी आयोगले ताकेको सङ्ख्यामा विद्यालयको छनौट गर्नु पर्नेछ ।

(६) निर्वाचन कार्यालयले यस दफा बमोजिम विद्यालयस्तरीय निर्वाचन शिक्षा कार्यक्रम सञ्चालन गर्दा आयोगको मार्गदर्शनको आधारमा सञ्चालन गर्नु पर्नेछ ।

१४. **सामाजिक अध्ययन विषय शिक्षकका लागि निर्वाचन शिक्षा कार्यक्रम** : (१) आयोग तथा निर्वाचन कार्यालयले माध्यमिक तहमा सामाजिक अध्ययन विषय अध्यापन गर्ने शिक्षकलाई लोकतन्त्र, संविधान, निर्वाचन, निर्वाचन प्रणाली तथा निर्वाचनका विधि र प्रक्रिया समेटी निर्वाचन शिक्षा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रमलाई आयोगको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरिनेछ ।

(३) यस दफा बमोजिम निर्वाचन शिक्षा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दा आयोगको मार्गदर्शनको आधारमा सञ्चालन गर्नु पर्नेछ ।

१५. **नागरिक समाज तथा गैर सरकारी संस्था मार्फत निर्वाचन शिक्षा कार्यक्रम** : (१) आयोगले विभिन्न नागरिक समाज तथा गैर सरकारी संघ संस्था मार्फत कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम सञ्चालन गर्नको लागि आयोगले त्यस्ता संस्थाका जनशक्तिलाई आवश्यक प्रशिक्षणको व्यवस्था गर्नेछ ।

(३) उपदफा (१) बमोजिम कार्यक्रम सञ्चालनमा प्रयोग गरिने शिक्षा सामग्री आयोगले स्वीकृत गर्नेछ ।

(४) उपदफा (१) बमोजिम कार्यक्रम सञ्चालन गर्ने संघ संस्थाले सम्बन्धित निर्वाचन कार्यालयसँग समन्वय गरी सो कार्यालयको निर्देशनको पालना गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम गैर सरकारी संस्था मार्फत निर्वाचन शिक्षा प्रदान गर्ने सम्बन्धमा अन्य व्यवस्था आयोगले निर्धारण गरेबमोजिम हुनेछ ।

१६. **आमपहुँच वा समुदायमा आधारित विशेष कार्यक्रम** : आममतदाता लगायत राज्यको मूल प्रवाहबाट पछि परेका जाति, वर्ग, लिङ्ग, सम्प्रदाय र क्षेत्रका जनताहरुको निर्वाचन सम्बन्धी सचेतना अभिवृद्धिका लागि आयोगले आफै वा निर्वाचन कार्यालय मार्फत विशेष कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

१७. **मतदाता शिक्षा विशेष कार्यक्रम सञ्चालन गर्न सक्ने** : आयोगले निर्वाचन अवधिमा स्वीकृत बजेटको सीमाभित्र रही अनुसूची-२ बमोजिमको मतदाता शिक्षा विशेष कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

१८. **मतदाता सूचना कक्षको व्यवस्था गर्ने** : (१) मतदान केन्द्रमा मतदातालाई मतदाता शिक्षा दिने प्रयोजनको लागि मतदान अधिकृतले मतदाता सूचना कक्षको व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मतदाता सूचना कक्षमा मतदाताले मतदान हुने अघिल्लो दिन र मतदानको दिन मतदान गर्ने तरिका सम्बन्धमा जानकारी लिन सक्नेछन् ।

निर्वाचन आयोग, नेपाल

(३) यस दफा बमोजिमको मतदाता सूचना कक्षमा मतदाता शिक्षा दिने प्रयोजनको लागि मतदान अधिकृतले देहायका व्यक्ति मध्येबाट दुई जना मतदाता शिक्षा स्वयंसेवक नियुक्त गर्नु पर्नेछ :-

(क) मतदाता शिक्षा कार्यकर्ता वा निर्वाचन शिक्षा कार्यकर्ताको रुपमा अनुभव प्राप्त व्यक्ति, वा

(ख) प्रवेशिका परीक्षा वा सो सरह उत्तीर्ण प्राथमिक विद्यालयका शिक्षक वा मातृ स्वास्थ्य कार्यकर्ता वा सामुदायिक अध्ययन केन्द्रका परिचालक ।

(४) उपदफा (३) बमोजिम नियुक्त हुने मतदाता शिक्षा स्वयम् सेवकको जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

(क) मतदाता शिक्षा प्रदान गर्ने,

(ख) नमूना मतपत्र देखाएर मतदान गर्ने तरिकाको बारेमा निष्पक्ष रुपमा जानकारी दिने ।

(५) एउटा मतदान स्थलमा एक भन्दा बढी मतदान केन्द्र भएमा मतदान केन्द्र (क) को मतदान अधिकृतले त्यस्तो मतदाता सूचना कक्षको व्यवस्था गर्नु पर्नेछ ।

(६) उपदफा (१) बमोजिम मतदाता सूचना कक्ष निर्माणको लागि लाग्ने खर्च वापत एकमुष्ट दुई हजार रुपैयाँ र उपदफा (३) बमोजिम नियुक्त हुने मतदाता शिक्षा स्वयंसेवकलाई दिइने दैनिक भत्ता वापत प्रतिदिन प्रतिव्यक्ति एक हजार पाँच सय रुपैयाँ रकम निर्वाचन कार्यालयले सम्बन्धित मतदान अधिकृतलाई उपलब्ध गराउनेछ ।

(७) यस दफा बमोजिम मतदाता सूचना कक्षको व्यवस्था गर्दा मतदाता मतदान केन्द्रमा प्रवेश गर्ने द्वार पुग्नुभन्दा अगावै रहने गरी व्यवस्था गर्नु पर्नेछ ।

(८) यस दफा बमोजिमको मतदाता सूचना कक्षमा सबैले देख्ने गरी नमूना मतपत्र टाँस्नु पर्नेछ ।

## परिच्छेद -४

## जनशक्ति व्यवस्थापन

१९. **जिल्ला समन्वयकर्ता** : (१) कार्यक्रम सञ्चालनको लागि निर्वाचन अधिकारीले निर्वाचन तथा मतदाता शिक्षा जिल्ला समन्वयकर्ता भई काम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका जिल्ला समन्वयकर्ताको जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

(क) जिल्ला भित्र सञ्चालन हुने निर्वाचन शिक्षा तथा मतदाता शिक्षासम्बन्धी सम्पूर्ण कार्यक्रमको समन्वय गर्ने,

(ख) कार्यक्रम सञ्चालनमा तत्काल आइपर्ने समस्याको समाधान गर्ने र समाधान गर्न नसकिने समस्याका सम्बन्धमा निर्वाचन कार्यालयमार्फत समाधान गर्ने,

(ग) जिल्लाभित्र सञ्चालित कार्यक्रमको प्रतिवेदन प्राप्त गरी निर्वाचन कार्यालयमा पेश गर्ने ।



निर्वाचन आयोग, नेपाल

२०. **स्थानीय तह समन्वयकर्ता :** (१) आयोगको निर्णय बमोजिम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाका निर्वाचन सम्बन्धी कामको लागि तोकिएको निर्वाचन सम्पर्क व्यक्तिलाई निर्वाचन तथा मतदाता शिक्षा स्थानीय तह समन्वयकर्ता तोक्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको निर्वाचन तथा मतदाता शिक्षा स्थानीय तह समन्वयकर्ताको जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

(क) आयोग तथा निर्वाचन कार्यालयको आयोजनामा सञ्चालन हुने प्रशिक्षण कार्यक्रममा भाग लिई जिल्लास्तरमा आयोजना हुने कार्यक्रम सञ्चालनका लागि तयार भएका सामग्री बारेमा जानकारी हासिल गर्ने,

(ख) आफूलाई तोकिएको गाउँपालिका वा नगरपालिका भित्र सञ्चालन हुने कार्यक्रमको समन्वय तथा सहजीकरण गर्ने,

(ग) निर्वाचनको समयमा निर्वाचन अधिकारीबाट नियुक्त भई आफ्नो गाउँपालिका वा नगरपालिका क्षेत्रभित्र खटिने मतदाता शिक्षा स्वयम्सेवकको नाम सहितको विवरण सम्बन्धित निर्वाचन कार्यालयबाट प्राप्त गरी वडागत सूची तयार पारी आफ्नो कार्यालयमा टाँस गर्ने तथा सम्बन्धित वडा कार्यालयमा वडागत सूची टाँस गर्ने,

(घ) निर्वाचन अवधिमा मतदाता शिक्षा स्वयम् सेवकले आ-आफ्नो गाउँपालिका वा नगरपालिकाका वडामा सञ्चालन गरेका कार्यक्रमको नियमित सहजीकरण र समन्वय गरी कार्यान्वयन स्तरमा आइपर्ने समस्याको समाधान गर्ने वातावरण मिलाउने,

(ङ) आफ्नो क्षेत्रमा परिचालित निर्वाचन शिक्षा तथा मतदाता शिक्षा स्वयम्सेवकले तयार गरेको कार्यक्रम सम्बन्धी प्रतिवेदन अध्ययन गरी निजको पारिश्रमिक भुक्तानीको लागि निर्वाचन कार्यालयमा सिफारिश गर्ने,

(च) कार्यक्रम सञ्चालनमा तत्काल आइपर्ने समस्याको समाधान गर्ने र समाधान गर्न नसकिने विषयमा निर्वाचन कार्यालयलाई जानकारी गराई निर्देशन भए बमोजिम गर्ने ।

२१. **मतदाता शिक्षा स्वयम्सेवक :** निर्वाचनको समयमा प्रत्येक मतदातालाई लक्षित गरी मतदाता शिक्षा अभियानको रुपमा कार्यक्रम सञ्चालन गर्न आयोगले मतदाता शिक्षा स्वयम्सेवक परिचालन गर्न सक्नेछ ।

२२. **निर्वाचन शिक्षा तथा मतदाता शिक्षा प्रशिक्षण :** (१) आयोगले कार्यक्रम सञ्चालन गर्नुभन्दा अगाडि कार्यक्रममा खटिने विभिन्न तहका जनशक्तिको ज्ञान, क्षमता तथा दक्षता अभिवृद्धिको लागि निर्वाचन शिक्षा तथा मतदाता शिक्षा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रशिक्षण कार्यक्रम आयोगले बनाएको निर्वाचन तालिम निर्देशिका बमोजिम हुनेछ ।

## परिच्छेद-५

## शिक्षा सामग्रीको विकास, स्वीकृति र उत्पादन

२३. **शिक्षा सामग्री विकास :** (१) कार्यान्वयन समितिले कार्यक्रम सञ्चालन गर्न निर्वाचनका विधि र प्रक्रियाबारे आममतदाता तथा सरोकारवालालाई लक्षित गरी विभिन्न प्रकारका शिक्षा सामग्रीको विकास गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सामग्रीको विकास गर्दा कार्यान्वयन समितिले योजना तयार गरी निर्देशक समितिमा पेश गर्नेछ र निर्देशक समितिले सिफारिश सहित स्वीकृतिको लागि आयोग समक्ष पेश गर्नेछ ।

(३) उपदफा (१) बमोजिमका सामग्रीको विकास गर्दा नेपालको संविधान, निर्वाचन सम्बन्धी नीति, कानून, आयोगले तयार गरेका निर्देशिका, निर्देशन, आदेश र निर्णयहरू मुख्य मार्गदर्शकको रूपमा रहने छन् र सोको लागि विगतका निर्वाचनहरूको अनुभवसमेतलाई आधार लिइनेछ ।

(४) आयोगले शिक्षा सामग्री विकास गर्दा निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशीकरण नीतिलाई आत्मसात गरी महिला, दलित, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, विभिन्न भाषा भाषीका समुदाय र अन्य सीमान्तकृत समुदायको निर्वाचन तथा मतदाता शिक्षामा पहुँच अभिवृद्धि हुने गरी निर्वाचनका हरेक चरणमा समावेशीता प्रवर्द्धन गर्ने किसिमका सामग्री विकास गर्नु पर्नेछ ।

२४. **शिक्षा सामग्रीको स्वीकृति :** (१) आयोगले दफा २३ बमोजिम विकास गरिएका शिक्षा सामग्री स्वीकृत गर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृत गरिएका शिक्षा सामग्रीहरु मात्र कार्यक्रमको लागि स्रोत सामग्रीको रुपमा प्रयोग गरिनेछ ।

(३) कुनै गैरसरकारी संस्था वा अन्य कुनै संस्थाले निर्वाचन शिक्षा कार्यक्रम वा मतदाता शिक्षा सम्बन्धी कार्यक्रममा प्रयोग हुने सामग्री निर्माण तथा प्रयोग गर्न चाहेमा आयोगको स्वीकृति लिनु पर्नेछ ।

२५. **शिक्षा सामग्री उत्पादन :** (१) दफा २४ को उपदफा (१) बमोजिम स्वीकृत भएका शिक्षा सामग्री आयोगले आवश्यक सङ्ख्यामा उत्पादन गर्नेछ ।

(२) कुनै गैरसरकारी संस्था वा अन्य कुनै संस्थाले कार्यक्रममा प्रयोग हुने शिक्षा सामग्री उत्पादन गर्न चाहेमा आयोगको स्वीकृतिको लागि कार्यान्वयन समिति मार्फत आयोगमा निवेदन दिन सक्नेछ ।

## परिच्छेद -६

## शिक्षा सामग्री प्रकाशन तथा प्रसारण

२६. **शिक्षा सामग्री प्रकाशन :** (१) दफा २४ को उपदफा (१) बमोजिम आयोगबाट स्वीकृत भएका शिक्षा सामग्री आयोगको सचिवालयले प्रकाशन गर्ने व्यवस्था मिलाउनेछ ।

(२) निर्वाचन कार्यालयले जिल्लास्तरमा प्रकाशन हुने पत्रपत्रिकामा निर्वाचन शिक्षा तथा मतदाता शिक्षा सम्बन्धी सूचना प्रकाशन गर्दा आयोगले तोकिदिएको सूचना तथा विज्ञापन मात्र प्रकाशन गर्नु वा गराउनु पर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल विज्ञापन बोर्डले निर्धारण गरेको मापदण्ड बमोजिम जिल्लास्तरीय पत्रपत्रिकाका लागि निर्वाचन शिक्षा वा मतदाता शिक्षा सम्बन्धी सूचना प्रकाशनको लागि एकमुष्ठ रकम सो बोर्डलाई उपलब्ध गराउन सकिनेछ ।

(४) राष्ट्रियस्तरमा प्रकाशन हुने राष्ट्रिय दैनिक (ब्रोडसीट) पत्रिकामा आयोगबाट स्वीकृत भएको प्रकाशन तालिका बमोजिम आयोगको सचिवालयले निर्वाचन शिक्षा तथा मतदाता शिक्षा सम्बन्धी सूचना तथा विज्ञापन प्रकाशन गर्ने व्यवस्था मिलाउनेछ ।

(५) राष्ट्रियस्तरमा प्रकाशन हुने गरी नेपाल विज्ञापन बोर्डको वर्गीकरणमा परेका तथा कार्यान्वयन समितिले निर्धारण गरेको सूची बमोजिमका पत्रिकामा निर्वाचत शिक्षा वा मतदाता शिक्षा सम्बन्धी सूचना तथा विज्ञापन सो बोर्ड मार्फत प्रकाशन गरिनेछ ।

(६) आयोगको सचिवालयले आयोगबाट स्वीकृत भएका सामग्रीलाई आयोगको वेबसाइटमा र सामाजिक सञ्जालमा समेत राख्न लगाउनु पर्नेछ ।

२७. **शिक्षा सामग्री प्रसारण** : (१) दफा २४ को उपदफा (१) बमोजिम आयोगबाट स्वीकृत भएका शिक्षा सामग्री नेपालभित्र सञ्चालनमा रहेका टेलिभिजन, रेडियो, एफ.एम. रेडियोको सञ्जाल वा नेटवर्क, अनलाइन, सिनेमा हल, व्यापारिक मल मार्फत समेत प्रसारण गर्न सकिनेछ ।

(२) निर्वाचन कार्यालयले सम्बन्धित जिल्लामा स्थापित भई नियमित प्रसारणमा रहेका एफ.एम.रेडियोबाट आयोगले स्वीकृत गरेका तथा प्रसारण अनुमति दिएका शिक्षा सामग्री तथा स्थानीय आवश्यकता अनुसार तयार गरिएका सामग्री प्रसारण गर्न सक्नेछ ।

२८. **शिक्षा सामग्री प्रदर्शन** : (१) दफा २४ को उपदफा (१) बमोजिम आयोगबाट स्वीकृत भएका शिक्षा सामग्री सार्वजनिक स्थलहरूमा प्रदर्शनको व्यवस्था गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम शिक्षा सामग्री निर्वाचन अवधिमा सार्वजनिक स्थलमा प्रदर्शन गर्दा फ्लेक्स, डिजिटल बोर्ड, सिनेमा हल, सडक नाटक, सार्वजनिक यातायात, स्टल लगायत यस्तै प्रकृतिका अन्य साधनको प्रयोग गर्नुका साथै हेल्थ क्लिनिक र अस्पतालहरुमा समेत प्रदर्शनको व्यवस्था गर्न सकिनेछ ।

२९. **लोक कल्याणकारी विज्ञापनलाई प्राथमिकता दिने** : आयोगले यस निर्देशिका बमोजिम शिक्षा सामग्री प्रकाशन र प्रसारण गर्दा लोक कल्याणकारी विज्ञापन मार्फत प्रकाशन र प्रसारण गर्ने वा गराउने कार्यलाई प्राथमिकता दिनेछ ।

३०. **पुस्तकालयमा सामग्री उपलब्ध गराउने** : निर्वाचन शिक्षा वा मतदाता शिक्षा प्रयोजनको लागि तयार गरिएका सामग्री अभिलेख गर्ने प्रयोजनको लागि आयोगको पुस्तकालयमा एक प्रति उपलब्ध गराउनु पर्नेछ । यसरी पुस्तकालयलाई सामग्री उपलब्ध गराउँदा विद्युतीय प्रति समेत उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद -७

## विविध

३१. **समन्वय र सहकार्य** : (१) निर्वाचन शिक्षा तथा मतदाता शिक्षा सञ्चालनका सम्बन्धमा आयोग वा निर्वाचन कार्यालयले संघ, प्रदेश, स्थानीय तह अन्तर्गतका सरकारी वा अर्ध सरकारी निकाय तथा गैर सरकारी संघ सस्थासँग समन्वय र सहकार्य गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समन्वय र सहकार्य गर्दा सामान्यतया देहाय बमोजिम गरिनेछ :-

(क) प्रतिष्पर्धात्मक परीक्षाका पाठ्यक्रममा समेत निर्वाचन शिक्षा तथा मतदाता शिक्षालाई समावेश गर्न सम्बद्ध निकायसँग समन्वय तथा सहकार्य गर्ने,

(ख) निर्वाचन शिक्षा तथा मतदाता शिक्षाका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्था तथा विकास साझेदार संस्थासँग समन्वय तथा सहकार्य गर्ने,

(ग) विद्यालयमा आधारित शिक्षण सिकाईमा जोड दिई स्थानीय तहको समन्वयमा सबै उच्च माध्यमिक विद्यालयमा निर्वाचन शिक्षा तथा मतदाता शिक्षा दिने व्यवस्था मिलाउने,

(घ) विद्यालय तहको नागरिक शिक्षामा निर्वाचन शिक्षा तथा मतदाता शिक्षा सम्बन्धी विषयवस्तु समावेश गर्न सम्बद्ध निकायसँग समन्वय तथा सहकार्य गर्ने ।

(३) यस निर्देशिका बमोजिम कार्यक्रम सञ्चालन गर्दा आयोगले आयोगका साझेदार संस्थासँग समेत सहयोग लिन वा सहकार्य गर्न सक्नेछ ।

३२. **कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन** : (१) निर्देशक समितिले आयोग तथा विभिन्न निकायहरूबाट सञ्चालित निर्वाचन शिक्षा कार्यक्रम तथा मतदाता शिक्षा कार्यक्रमको अनुगमन र मूल्याङ्कन गर्ने वा गराउनेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन र मूल्याङ्कन गर्दा विज्ञ वा विज्ञ समूहको सहयोग लिन सकिनेछ ।

(३) यस दफा बमोजिम गरिएको अनुगमन र मूल्याङ्कनको प्रतिवेदन तयार गरी निर्देशक समितिले आयोग समक्ष पेश गर्नु पर्नेछ ।

३३. **प्रतिवेदन :** यस निर्देशिका बमोजिम सञ्चालन गरिएका कार्यक्रम सम्बन्धी प्रतिवेदन तयार गरी आयोग समक्ष पेश गर्नु पर्नेछ ।

३४. **शिक्षा सामग्रीको अनुवाद** : (१) यस निर्देशिका बमोजिम तयार गरिएका शिक्षा सामग्री आयोगले विभिन्न राष्ट्रिय भाषामा अनुवाद गरी प्रयोग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुवाद गरी तयार गरिएका सामग्रीहरू स्थानीय प्रचलनमा रहेका भाषिक समुदाय मार्फत समेत वितरणको व्यवस्था मिलाउन सकिनेछ ।

३५. **खर्च तथा मापदण्ड :** (१) निर्वाचन शिक्षा तथा मतदाता शिक्षा सम्बन्धी बजेट तथा कार्यक्रम आयोगले स्वीकृत गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृत बजेट खर्च गर्ने मापदण्ड निर्वाचन अवधिको हकमा आयोगले स्वीकृत गरेको आर्थिक कार्यविधि बमोजिम र अन्य अवधिको हकमा नेपाल सरकार, अर्थ मन्त्रालयले स्वीकृत गरेको कार्य सञ्चालन निर्देशिका बमोजिम हुनेछ ।

३६. **आदेशको पालना** : कार्यक्रम सञ्चालन सम्बन्धमा आयोगले दिएको आदेश तथा निर्देशनको सबैले पालना गनु पर्नेछ ।

३७. **खारेजी र बचाउ :** (१) देहायका निर्देशिका खारेज गरिएका छन्:-

(क) निर्वाचन शिक्षा तथा सूचना केन्द्र (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०६८,

(ख) स्थानीय तह सदस्य मतदाता शिक्षा सञ्चालन निर्देशिका, २०७३,

(ग) प्रतिनिधि सभा सदस्थ तथा प्रदेश सभा सदस्य मतदाता शिक्षा निर्देशिका, २०७४ ।

(२) उपदफा (१) बमोजिमका निर्देशिका बमोजिम भए गरेका कामकारबाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

निर्वाचन आयोग, नेपाल

अनुसूची-१

(दफा १० को उपदफा (३) सँग सम्बन्धित)

**निर्वाचन शिक्षा तथा सूचना केन्द्रमा सञ्चालन हुने क्रियाकलापहरु**

## १. लघु सङ्ग्रहालय

(क) लघु सङ्ग्रहालयमा लोकतन्त्र तथा निर्वाचन सम्बन्धी ऐतिहासिक एवं पुरातात्विक महत्वका सामग्रीहरु व्यवस्थित रुपमा प्रदर्शन गरिनेछ ।

(ख) लघु सङ्ग्रहालयको व्यवस्थापन देहाय बमोजिम गरिनेछ :-

(१) आयोगले उत्पादन गरेका निर्वाचन तथा मतदाता शिक्षाका पुरातात्विक महत्वका सामग्रीहरुलाई व्यवस्थित रुपमा प्रदर्शन योग्य बनाई राख्ने,

(२) निर्वाचन सम्बन्धी ऐतिहासिक तथा पुरातात्विक महत्वका सामग्रीहरुको निरन्तर खोजी गर्ने तथा प्राप्त भएका सामग्रीहरु आयोगबाट स्वीकृतीको लागि कार्यान्वयन समितिमा पेश गर्ने,

(३) केन्द्रीय, प्रादेशिक तथा जिल्लास्तरीय सूचना केन्द्रमा रहेका सङ्ग्रहालयमा एकरुपता कायम गर्नको लागि उपखण्ड (२) बमोजिमका सामग्रीहरु सम्भव भएसम्म अन्य सूचना केन्द्रलाई उपलब्ध गराउने,

(४) निर्वाचन शिक्षा तथा मतदाता शिक्षाको लागि केन्द्रका भ्रमणकर्तालाई लघु सङ्ग्रहालयमा राखिएका सामग्रीको पुरातात्विक तथा ऐतिहासिक महत्वको वारेमा जानकारी गराउने ।

## २. मिनी थिएटर

(क) मिनि थिएटरमा लोकतन्त्र, संविधान, सङ्घीयता, सरकार, सुशाासन, निर्वाचन प्रणाली, निर्वाचनका विधि र प्रक्रिया, निर्वाचनको ऐतिहासिक पृष्ठभूमि, नागरिक अधिकार र कर्तव्य सहितका विषयवस्तु र राष्ट्रिय विविधता एवम् एकता झल्कने खालका परिदृष्य समावेश हुने गरी आयोगले निर्माण गरेको सूचनामूलक तथा ज्ञानवर्द्धक वृत्तचित्र प्रदर्शन गरिनेछ ।

(ख) खण्ड (क) बमोजिम वृत्तचित्र निर्माण र प्रदर्शनको प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(१) निर्वाचन शिक्षा तथा मतदाता शिक्षा कार्यान्वयन समितिले सम्बन्धित विषय विज्ञ तथा आयोगका अनुभवी कर्मचारीहरुको अन्तरक्रिया र छलफलबाट वृत्तचित्रको विषयवस्तु तथा स्क्रीप्ट तयार गरी निर्देशक समितिमा पेश गर्ने र निर्देशक समितिले स्वीकृतीको लागि आयोग समक्ष पेश गर्ने ।

(२) उपखण्ड (१) बमोजिमको वृत्तचित्रको स्क्रीप्ट अनुसारको श्रव्यदृष्य सामग्री तयार गर्न परामर्शदाता तथा विकास साझेदार संस्थाहरुको सहयोग समेत लिन सकिने ।

(३) वृत्तचित्रमा समय सापेक्ष संशोधन तथा परिमार्जन गर्न सकिने ।

(४) यसरी निर्माण गरिएका वृत्तचित्रहरु आयोग वा अन्तर्गतका सूचना केन्द्रहरुमा प्रदर्शन गरिने ।

## ३. अन्तरक्रियात्मक कक्ष

(क) अन्तरक्रियात्मक कक्षमा लोकतन्त्र, निर्वाचन तथा सुशासन सम्बन्धी वस्तुगत र विषयगत पक्षलाई प्रयोगात्मक तथा व्यवहारिक रुपबाट भ्रमणकर्ताहरुको आफ्नै संलग्नतामा देहायका विषय क्षेत्रहरुमा शिक्षा तथा सूचना प्रदान गरिनेछ :-

(१) **लोकतन्त्र, संविधान तथा निर्वाचन इतिहास :** नेपालको संवैधानिक इतिहास र संवैधानिक व्यवस्था तथा निर्वाचन प्रणाली, विधि र प्रक्रिया सम्बन्धी विषयहरुलाई प्रविधिसँग तादाम्यता कायम गरी शिक्षा तथा सूचना प्रदान गर्ने ।

(२) **नागरिक हक, अधिकार तथा कर्तव्य :** संविधान, ऐन, कानून तथा राष्ट्रिय दस्तावेजका आधारमा नाागरिकले उपयोग गर्न पाउने अधिकार र पूरा गर्नुपर्ने कर्तव्य समेटिएका विषयलाई प्रविधिसँग तादाम्यता कायम गरी शिक्षा तथा सूचना प्रदान गर्ने ।

(३) **निर्वाचन प्रणाली तथा मतदान प्रक्रिया :** मतलाई विजयी सिटमा रुपान्तरण गरिने प्रणाली, विधि र प्रक्रियाका बारेमा जानकारी दिने उद्देश्यले तयार पारिएका निर्वाचन प्रणाली सम्बन्धी विषयलाई प्रविधिसँग तादाम्यता कायम गरी शिक्षा तथा सूचना प्रदान गर्ने ।

(४) **राजनीतिक दल र राजनैतिक प्रक्रिया** : राजनैतिक प्रतिस्पर्धा, सहभागिता, क्षमता र दल दर्ता प्रक्रिया जस्ता विषय समेटी राजनीतिक दल, संस्था, नेतृत्व र मतदाताको भूमिकाका बारेमा प्रविधिसँग तादाम्यता कायम गरी शिक्षा तथा सूचना प्रदान गर्ने ।

(५) **निर्वाचनको सन्दर्भमा सरोकारवालाहरुको भूमिका र उत्तरदायित्व :** निर्वाचनका सबै चरण र प्रक्रियामा निर्वाचनका सरोकारवालाहरुले निर्वाह गर्नुपर्ने भूमिका र उत्तरदायित्वका बारेमा प्रविधिसँग तादाम्यता कायम गरी शिक्षा तथा सूचना प्रदान गर्ने ।

(ख) अन्तरक्रियात्मक कक्षबाट प्रवाह हुने शिक्षा तथा सूचनाको व्यवस्थापन र सञ्चालन देहाय बमोजिम गरिनेछ :–

(१) सूचना केन्द्रले आयोग, सम्बन्धित विषय विज्ञ एवम् सरोकारवालासँगको छलफल र अन्तरक्रियाबाट छनौट गरिएका विषयवस्तुको प्रदर्शन नमुना तयार गरी निर्माण गरिएका सामग्रीहरु सबै सूचना केन्द्रहरुमा एकरुपताको लागि आवश्यक व्यवस्था मिलाउने,

(२) अवलोनकर्ताहरुले सरल तथा स्पष्टरुपमा बुझ्न, जान्न र सिक्न सक्ने गरी प्रविधिको माध्यमबाट यस्ता विषय प्रदर्शन गर्ने व्यवस्था मिलाउने,

(३) अन्तरक्रियात्मक कक्ष सञ्चालनको अनुभव र अवलोकनकर्ता तथा सरोकारवालाको सुझावको आधारमा उक्त कक्षमा राखिएका शिक्षा सामग्रीमा आवश्यक परिमार्जन तथा कुनै सामग्री नयाँ निर्माण गर्नुपर्ने भएमा सूचना केन्द्रले निर्देशक समिति मार्फत आयोगबाट स्वीकृत गराई परिमार्जन गर्न सक्नेछ । प्रदेश तथा जिल्लास्तरीय सूचना केन्द्रमा विषयवस्तुमा परिमार्जन गर्नु परेमा केन्द्रमा रहेको निर्वाचन शिक्षा तथा सूचना केन्द्रमा जानकारी गराउनु पर्ने,

(४) अन्तरक्रियात्मक कक्षको सञ्चालन विधि तथा प्रक्रिया आयोगको हकमा निर्वाचन शिक्षा तथा तालिम शाखा प्रमुख र प्रदेश तथा जिल्लास्तरीय केन्द्रहरुको हकमा

सम्बन्धित कार्यालय प्रमुख एवम् कक्ष सञ्चालन गर्ने कर्मचारीहरुको सामुहिक छलफल र समन्वयबाट गरिने ।

## ४. नमूना मतदान कक्ष

(क) राजनीतिक दल, नागरिक समाज, विद्यालय, विश्वविद्यालय तथा विभिन्न तालिमकेन्द्र लगायतबाट सूचना केन्द्रको अवलोकन भ्रमण तथा निर्वाचन शिक्षाका लागि भ्रमण गर्ने भ्रमणकर्तालाई आफ्नै संलग्नतामा नमूना मतदानको माध्यमबाट निर्वाचन प्रणाली, विधि र प्रक्रियाको बारेमा सैद्धान्तिक, व्यवहारिक र प्रयोगात्मक शिक्षा प्रदान गरिनेछ ।

(ख) नमुना मतदान कक्षको सञ्चालन प्रक्रिया देहाय बमोजिम हुनेछ :

(१) केन्द्रमा निर्वाचन शिक्षाको लागि भ्रमण गर्ने अवलोकनकर्तालाई लोकतन्त्र, संविधान, निर्वाचन, निर्वाचन प्रणाली, नेपालमा प्रयोग भएका निर्वाचन प्रणाली, निर्वाचन आयोगको भूमिका, काम, कर्तव्य र अधिकार तथा निर्वाचनका विधि र प्रक्रियाको बारेमा प्रस्तुतीकरण तथा मल्टिमिडियाको प्रयोग गरी सैद्धान्तिक जानकारी दिँदै नमूना मतदानको अभ्यास गर्न सक्ने व्यवस्था मिलाउने,

(२) अवलोकनकर्तालाई नमुनाको रुपमा मतदान केन्द्र निर्माण गर्न लगाई उम्मेदवार, मतदान कार्यमा संलग्न हुने कर्मचारी र मतदाताको भुमिका निर्वाह गर्न समेत लगाएर नेपालमा हुने मतदानको झलक आउने किसिमले नमूना मतपत्रको माध्यमबाट मतसङ्केत गर्न लगाउने,

(३) मतदान कार्य सकिएपछि मतगणना अभ्यास गर्न लगाउने र सोको परिणाम बोर्डमा लेख्न लगाई मतलाई विजयी सिटमा रुपान्तरण गर्ने तरिकाको बारेमा प्रस्ट पार्ने,

(४) आवश्यकता अनुसार विद्युतीय मतदान यन्त्रबाट पनि मतदान गर्ने तरिका बारेमा जानकारी गराई मतदान अभ्यास गराउने,

(५) नमुना मतदान कक्ष सञ्चालन विधि तथा प्रक्रिया आयोगको हकमा निर्वाचन शिक्षा तथा तालिम शाखा प्रमुख र प्रदेश तथा जिल्लास्तरीय केन्द्रहरुको हकमा सम्बन्धित कार्यालय प्रमुख तथा कक्ष सञ्चालन गर्ने कर्मचारीहरुको सामुहिक छलफल र समन्वयबाट गरिने,

(६) आयोगबाट सञ्चालन हुने निर्वाचन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी तालिमहरुमा समेत नमूना मतदानको अभ्यास गर्नुपर्ने गरी व्यवस्था मिलाइने ।

निर्वाचन आयोग, नेपाल

अनुसूची-२

(दफा १७ सँग सम्बन्धित)

**मतदाता शिक्षा विशेष कार्यक्रम**

१. छपाइ सामग्री वितरणः

(क) निर्वाचन सम्बद्ध बरोबर सोधिने प्रश्न र उत्तरको ब्रोसर तयार गरेर छपाइ गरी यथासक्य बढीभन्दा बढी मतदातासम्म पुग्ने गरी वितरण गरिनेछ ।

(ख) निर्वाचनलाई लक्षित गरी मतदान गर्ने सही तरिका र आचारसंहिताका मुख्य मुख्य व्यवस्था समेटिएको ब्रोसर छपाइ मतदातालाई वितरण गरिनेछ ।

२. टेलिभिजनबाट सामग्री प्रसारणः

आयोगका सूचना, सन्देश, टि.भी. कार्यक्रम, दोहोरी गीत, विज्ञापन, गीत, लघु नाटक, चलचित्र तथा पिएसए लगायतका सामग्री नेपाल टेलिभिजन, केन्द्रीय स्तरका टेलिभिजन तथा स्थानीय टेलिभिजनहरुबाट प्रसारण गरिनेछ ।

३. रेडियोबाट प्रसारणः

(क) आयोगका सूचना एवम् विज्ञापन, जिङ्गल, गीत, रेडियो कार्यक्रम, सन्देश लगायतका श्रव्य सामग्रीहरु रेडियो नेपाल र एफ.एम. रेडियोबाट प्रसारण गरिनेछ ।

(ख) स्थानीय स्तरमा प्रचलनमा रहेको स्थानीय भाषा मार्फत समेत आवश्यकता अनुसार कार्यक्रम प्रसारण गरिनेछ ।

४. पत्रपत्रिका मार्फत प्रकाशनः

(क) आयोगका सूचना, सन्देश तथा विज्ञापन राष्ट्रिय दैनिक तथा जिल्लाबाट प्रकाशित हुने पत्रपत्रिका मार्फत प्रकाशन गरिनेछ ।

(ख) गोरखापत्र दैनिक मार्फत नेपाली भाषा तथा अन्य विभिन्न भाषामा समेत शिक्षा सामग्री प्रकाशन तथा प्रचार प्रसार गरिनेछ ।

(ग) नेपाल विज्ञापन बोर्ड मार्फत वर्गीकृत पत्रपत्रिका तथा विद्युतीय सञ्चार माध्यममा निर्वाचन सन्देश प्रकाशन गरिनेछ । लोककल्याणकारी विज्ञापनलाई निर्वाचनमुखी बनाउन प्राथमिकता दिन लगाइनेछ ।

(घ) राष्ट्रिय समाचार समिति मार्फत समेत निर्वाचन सम्बन्धी सूचना, सन्देश एवम् समाचार प्रकाशन गरिनेछ ।

५. आमपहुँच कार्यक्रमः

(क) मतदातालाई समावेश गरी नमूना मतपत्रको प्रयोग मार्फत नमूना मतदान कार्यक्रमको आयोजना गरिनेछ । नमूना मतदान कार्यक्रम प्रत्येक निर्वाचन कार्यालयले एक एक स्थानमा र आयोगबाट एक स्थानमा सञ्चालन गरिनेछ । नमूना मतदान कार्यक्रमको लागि आवश्यक पर्ने नमूना मतपत्रको छपाइ गरिनेछ ।

(ख) सेवाग्राही भीडभाड हुने सरकारी सेवा केन्द्र तथा स्थानीय तहमा डिजिटल डिस्प्लेबाट सूचना तथा सन्देश प्रसारण गरिनेछ ।

निर्वाचन आयोग, नेपाल

(ग) युट्युब, फेसबुक, टिकटक जस्ता सामाजिक सञ्जालमा निर्वाचनसम्बन्धी भिडियो राखी त्यस्तो सामग्री अधिक मतदातासम्म पुगोस् भन्ने उद्देश्यले सर्वाधिक भ्युअर्समा पुऱ्याउने व्यक्तिलाई आयोगले पुरस्कृत गर्न सक्नेछ ।

(घ) नेपाली सेलिब्रिटी तथा प्रतिष्ठित व्यक्तित्व मार्फत म निर्वाचनमा सहभागी हुन्छु नामक अभियान निर्माण गरी टेलिभिजन तथा सामाजिक सञ्जालबाट सम्प्रेषण गरिनेछ ।

(ङ) नेपाल टेलिकमसँग सहकार्य गरी मोबाइल तथा ल्याण्डलाइन फोनमा निर्वाचन सम्बन्धी सूचना सन्देश समेटिएको कलर रिङ्ग ब्याक टोन प्रसारण एवम् एसएमएस मार्फत समेत निर्वाचनको प्रचार प्रसार गरिनेछ ।

६. आयोगले तोकेका अन्य कार्यक्रमहरु

निर्वाचन आयोग, नेपाल